संघीय संसद
राष्ट्रिय सभा
सोह्रौं अधिवेशन
बैठक-४
२०८१ जेठ ४ गते, शुक्रवार
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:३२ बजे*
*बैठक स्थगित : १:३८ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको चौथो बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:३२ बजे प्रारम्भ भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सभाको कारबाही प्रारम्भ भएको जानकारी दिँदै गर्दा प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आ-आफ्नो आसन अगाडि उभिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आजको कार्यसूचीमा सभाले नगरिनहुने केही विषय मात्रै रहेको सोह्रौं अधिवेशन प्रारम्भ भएपछि हालसम्म ३ वटा बैठक बसे पनि खास केही कार्य हुन नसकेको, नीति तथा कार्यक्रम टेबुल गर्ने, अध्यादेश पेस गर्ने र सम्माननीय राष्ट्रपतिज्यूले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत पश्चात् सम्माननीय राष्ट्रपतिलाई धन्यवाद दिने विषय मात्र कार्यसूचीमा रहेको बताउनुहुँदै प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूलाई बस्न आग्रह गर्नुभयो ।

त्यसपछि, प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूले आग्रह अस्वीकार गर्दै उभिइरहनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल जेठ ६ गते आइतवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी उक्त बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्मप्रसाद पाण्डेय
महासचिव